# ज्ञान आदानप्रदान कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईको आयोजनामा आफ्ना कर्मचारीहरू बीच २०८३ असार ९ गते, मङ्गलबारका दिन ज्ञान आदानप्रदान कार्यक्रम बैंकर्स प्रशिक्षण केन्द्रको हल, थापाथलीमा सम्पन्न भएको छ । उक्त कार्यक्रममा इकाई प्रमुख/निर्देशक सहित इकाईका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रममा इकाई प्रमुख तथा निर्देशक वासुदेव भट्टराईले मन्तव्य राख्नु भएपश्चात् दुईवटा वार्ताहरु प्रस्तुत भएका थिए । इकाईका उप-निर्देशक सचिन राज पियाले एसियाली विकास बैंकको सहकार्यमा सञ्चालित Trade based money laundering (TBML)-STR Pilot सम्वन्धमा नेपालमा भएका प्रगतिको अवस्थाका सम्बन्धमा प्रस्तुति दिनुभएको थियो । नेपालमा सन् २०२३ देखि TBML-STR Pilot Testing लागु गरेपश्चात् सूचक संस्थाद्वारा TBML सम्बन्धी शङ्कास्पद कारोवार प्रतिवेदनको गुणस्तर र मात्रा बृद्धि हुँदै गईरहेको जानकारी दिनुभयो । साथै, वहाँले Egmont Group को पछिल्लो वार्षिक प्रतिवेदन (२०२४-२५) बारे पनि जानकारी गराउनुभयो । त्यसैगरी इकाईका सहायक निर्देशक सपना खत्रीले TBML का विभिन्न पक्षबारे प्रस्तुति दिनुभयो । उहाँले आफ्नो प्रस्तुतिमा मुख्य रुपमा TBML सम्बन्धी Typologies बारे बातउनुभयो ।

वार्ता प्रस्तुतकर्ताहरुद्वारा कार्यक्रममा उठेका सहभागीहरुको जिज्ञासा तथा प्रश्नहरुको समेत सम्बोधन गरिएको थियो । उक्त कार्यक्रममा इकाईका उप-निर्देशक केशव प्रसाद रिमालले सहभागीहरुले राखेका जिज्ञासा र सुझाव प्रति आफनो धारणाका साथै सम्पत्ति शुद्धीकरण निवारणमा हाल TBML नविनतम् विषयवस्तु भएकोले सबैका लागि उक्त ज्ञान आदानप्रदान कार्यक्रम निकै प्रभावकारी भएको बताउँदै कार्यक्रम समापन गर्नुभयो । कार्यक्रमको सहजीकरण सहायक निर्देशक बालकुमार थापाले गर्नु भएको थियो ।